
विद्वान्हरूले आआफ्नै ढङ्गबाट वर्गीकरण गरेका छन् । समग्रमा लोकवार्तालाई निम्नलिखित तीन प्रकारमा बाँड्नु उपयुक्त हुन्छ :

(१) मौखिक-श्रव्य लोकवार्ता
(२) दृश्य लोकवार्ता
(३) चिन्तनमूलक लोकवार्ता

लोकवार्ताका तीन मुख्य भेदका भेदोपभेदहरूलाई वृक्षारेखमा यसरी देखाइन्छ :




माथिको आरेखले लोकवार्ताभित्र केके आउँछन् र यसको अध्ययन क्षेत्रभित्र केके पर्छन् भन्ने तथ्यलाई स्पष्ट पारेको छ । यी सबै तथ्यलाई हेर्दा लोकवार्ताको सम्प्रेषण गर्ने माध्यम वा प्रकार मुख्यत: मौखिक-श्रव्य, दृश्य र चिन्तनमूलक गरी तीनवटा हुन्छन् । यिनको परिचय तल दिइन्छ :

## (१) मौखिक-श्रव्य लोकवार्ता

बोलेर र सुनेर अभिव्यक्त वा ग्रहण गरिने लोकवार्तालाई मौखिक-श्रव्य लोकवार्ता भनिन्छ । यो भाषिक र साङ्गीतिक लोकसिर्जना हो । यसअन्तर्गत भाषिक माध्यम अँगाल्ने लोकसाहित्य र त्यसका विभिन्न स्थूल एवं सूक्ष्म विधाहरू पर्छन् । लोकगीत, लोककविता, लोकगाथा/लोककाव्य, लोककथा, लोकनाटकजस्ता स्थूल विधा तथा गाउँखाने कथा, उखान, टुक्का, मन्त्रजस्ता

विधाहरू मौखिक-श्रव्य लोकवार्ता हुन् । यसलाई अझ स्पष्ट रूपमा यसरी
छ :

लोकसाहित्य : भाषाका माध्यमबाट अभिव्यक्त लोकसिर्जनालाई लोकसाहित्य भनिन्छ । यसअन्तर्गत स्थूल र सूक्ष्म दुवै विधा आउँछन् ।

(क) **स्थूल विधा** : आकारगत विस्तार भएको रचनाप्रकारलाई स्थूल विधा भनिन्छ । यसअन्तर्गत निम्नलिखित विधाहरू आउँछन् :

(अ) **लोकगीत** : लयात्मक र गेय पद्यरचनालाई लोकगीत भनिन्छ ।

(आ) **लोककविता** : लयात्मक पद्यरचनालाई लोककविता भनिन्छ ।

(इ) **लोकगाथा** : आख्यानात्मक गीतिरचनालाई लोकगाथा भनिन्छ ।

**लोककाव्य** : आख्यानात्मक पद्यरचनालाई लोककाव्य भनिन्छ ।

(ई) **लोककथा** : आख्यानात्मक गद्यरचनालाई लोककथा भनिन्छ ।

(उ) **लोकनाटक** : कार्यव्यापारमूलक अनुकरणात्मक रचनालाई लोकनाटक भनिन्छ ।

(ख) **सूक्ष्म विधा** : आकारगत ज्यादै लघुता भएको रचनाप्रकारलाई सूक्ष्म विधा भनिन्छ । यसअन्तर्गत निम्नलिखित विधाहरू आउँछन् :

(अ) **गाउँखाने कथा** : समस्या/प्रश्नमूलक गद्य वा पद्य रचनालाई गाउँखाने कथा भनिन्छ ।

(आ) **उखान** : लोकअनुभवको सारपूर्ण वाक्यस्तरीय उक्तिलाई उखान भनिन्छ ।

(इ) **टुक्का** : दुई वा दुईभन्दा बढी शब्दको सहप्रयोगलाई टुक्का भनिन्छ ।

(ई) **मन्त्र** : अनुष्ठानमा उच्चारण गरिने शब्दहरूलाई मन्त्र भनिन्छ ।

) **लोकसङ्गीत** : लयतालका माध्यमबाट अभिव्यक्त लोकसिर्जनालाई लोकसङ्गीत भनिन्छ । लोकवार्ताको मौखिक-श्रव्य सञ्चार गर्ने अर्को माध्यम अभाषिक हो र यसअन्तर्गत लोकसङ्गीत पर्छ । लोकसङ्गीतको मुख्य सञ्चार माध्यम शाब्दिक/ भाषिक नभएर लयताल हुन्छ ।

मौखिक-श्रव्य लोकवार्ताअन्तर्गत पर्ने लोकसाहित्य र लोकसङ्गीत दुवैलाई लोकले बोलेर अभिव्यक्त गर्छ र सुनेर ग्रहण गर्छ । यसर्थ लोकवार्ताको यस माध्यमलाई मौखिक-श्रव्य सञ्चार माध्यम पनि भनिन्छ ।

## (२) दृश्य लोकवार्ता

हेरेर ग्रहण गरिने लोकवार्तालाई दृश्य लोकवार्ता भनिन्छ । यो अभाषिक र कार्यसम्पादनमूलक लोकसिर्जना हो । यसअन्तर्गत मुख्यत: क्रियाकलाप, कार्यव्यापार, अनुकरण, अनुष्ठान आदि आँखाले देख्न सकिने कृत्यहरू पर्छन् । चित्र, नृत्य, अभिनय, जादुटुना, धामीझाँक्री आदिका कार्यव्यापारमूलक तथा अनुकरणात्मक क्रियाहरू यसमा समाविष्ट हुन्छन् । यो प्रदर्शन गरिन्छ र लोकले यिनलाई प्रदर्शित हुँदा हेरेर ग्रहण गर्छ । लोकनृत्य, लोककला, लोकशिल्प, लोकअनुष्ठान, लोकआभूषण आदि प्रमुख दृश्य लोकवार्ता हुन् । यसलाई अझ स्पष्ट रूपमा यसरी देखाइन्छ :

(क) **लोकनृत्य** : लोकमा प्रचलित नाचसम्बन्धी रचनालाई लोकनृत्य भनिन्छ ।

(ख) **लोककला** : चित्र, मूर्ति, वास्तु, अभिनय आदिसम्बन्धी लोकरचनालाई लोककला भनिन्छ ।

(ग) **लोकशिल्प** : हस्तकला, कालिगढी, बुट्टा भराइ आदिसम्बन्धी लोकरचनालाई लोकशिल्प भनिन्छ ।

(घ) **लोकअनुष्ठान** : धामीझाँक्री, कर्मकाण्ड आदिसँग सम्बद्ध धार्मिक सांस्कृतिक कृत्य, लोकधर्मलाई लोकअनुष्ठान भनिन्छ ।

(ङ) **लोकआभूषण** : गरगहना, वस्त्र, पहिरन आदिका रूपमा रहेका लोकरचनालाई लोकआभूषण/लोकवेशभूषा भनिन्छ ।

दृश्य लोकवार्ताअन्तर्गत आउने उपर्युक्त सबै प्रकारलाई लोकले प्रदर्शन गरेर अभिव्यक्त गर्छ र हेरेर ग्रहण गर्छ । यसर्थ लोकवार्ताको यस माध्यमलाई दृश्य सञ्चार माध्यम पनि भनिन्छ ।

## (३) चिन्तनमूलक लोकवार्ता

विचारका रूपमा रहेको सामयिक लोकदृष्टिलाई चिन्तनमूलक लोकवार्ता भनिन्छ । यो विचारका रूपमा रहेको सामूहिक लोकदृष्टि हो । यसअन्तर्गत लोकमानसले सोचविचार गर्ने लोकविश्वास, लोकप्रथा, लोकोपचार/लोकचिकित्सा, लोकयुक्ति (सन्धिसम्झौता, छलकपट, मुठभेड) आदिको अभिव्यक्ति हुन्छ । यसलाई अझ स्पष्ट रूपमा यसरी देखाइन्छ :

(क) **लोकविश्वास** : लोकधारणा, लोकप्रचलन तथा लोकआस्थासँग सम्बद्ध विषयलाई लोकविश्वास भनिन्छ ।

(ख) **लोकप्रथा** : लोकप्रचलन, लोकपरम्परा, लोकव्यवहार, परम्परित रीतिथिति, चालचलन र परिपाटीलाई लोकप्रथा भनिन्छ ।

(ग) **लोकधर्म** : धर्मका नामबाट लोकले आस्था राखेका र विश्वास गरेका धार्मिक पक्षसँग सम्बद्ध विषयलाई लोकधर्म भनिन्छ ।

(घ) **लोकोपचार/लोकचिकित्सा** : लोकस्वास्थ्यमा प्रचलित जडिबुटी आदि औषधीको प्रयोग र धामीझाँक्रीबाट गरिने झारफुक आदि उपचार विधिलाई लोकोपचार/लोकचिकित्सा भनिन्छ ।

(ङ) **लोकयुक्ति** : लोकले अँगाल्ने विभिन्न जुक्ति एवं तरिकाहरूलाई लोकयुक्ति भनिन्छ । यसअन्तर्गत निम्नलिखित कुराहरू आउँछन् :

(अ) **सन्धिसम्झौता** : लोकले गर्ने आपसी मेलमिलाप, मैत्री र समझदारीलाई सन्धिसम्झौता भनिन्छ ।

(आ) **छलकपट** : धोका, दाउपेच, छलछाम, ठगी आदि क्रियाकलापलाई छलकपट भनिन्छ ।

(इ) **मुठभेड** : प्रत्यक्ष भिडन्त वा जम्काभेटलाई मुठभेड भनिन्छ ।

चिन्तमूलक लोकवार्ताअन्तर्गत आउने उपर्युक्त सबैलाई लोकले सुनेर वा हेरेर नभई चिन्तनमूलक ढङ्गबाट अभिव्यक्त र ग्रहण गर्छ । यसर्थ लोकवार्ताको यस माध्यमलाई चिन्तनमूलक सञ्चार माध्यम पनि भनिन्छ ।

लोकवार्ताका उपर्युक्त तीन प्रमुख प्रकारमध्ये मौखिक-श्रव्य लोकवार्ताअन्तर्गतको लोकसाहित्य भाषिक हुन्छ भने लोकसङ्गीत अभाषिक हुन्छ । दृश्य र चिन्तनमूलक लोकवार्ता दुवै अभाषिक हुन्छन् । लोकवार्ताको एउटा प्रकारले सामान्यतः सोही प्रकारका माध्यमबाट अभिव्यक्ति गरे पनि बेलाबखत अन्य प्रकारको पनि उपयोग गरेको पाइन्छ । उपर्युक्त तीनवटै माध्यमबाट अभिव्यक्त हुने सम्पूर्ण सामग्रीलाई **लोकवार्ता** भनिन्छ । लोकवार्ताले यिनैको अध्ययन गर्ने हुँदा यसलाई लोकवार्ताको **क्षेत्र वा अध्ययनक्षेत्र** पनि भनिन्छ र यिनैका माध्यमबाट सम्प्रेषित भएर लोकवार्ता अभिव्यक्त हुन्छ ।

## ५.	लोकवार्ताविज्ञानको परिभाषा

लोकवार्ताको वैज्ञानिक अध्ययन गर्ने शास्त्रलाई लोकवार्ताविज्ञान भनिन्छ भने त्यसअन्तर्गत लोकसाहित्यको वैज्ञानिक अध्ययनलाई लोकसाहित्यशास्त्र भनिन्छ । लोकवार्ताकै एउटा महत्त्वपूर्ण अङ्ग भएकाले लोकसाहित्य र लोकसाहित्यशास्त्र त्यसैभित्र अन्तर्भूत भएर रहेको हुन्छ । लोकवार्ता, लोकवार्ताविज्ञान, लोकसाहित्य र लोकसाहित्यशास्त्रका बीच अन्योन्याश्रित सम्बन्ध रहेको छ । लोकवार्तासम्बन्धी सामग्रीहरूको सङ्कलन र अध्ययनलाई लोकवार्ताविज्ञान भनिन्छ । यस सन्दर्भबाट लोकसामग्रीहरू लोकवार्ता हुन् भने त्यस सामग्रीसँग सम्बद्ध ज्ञानको शाखाचाहिँ लोकवार्ताविज्ञान हो । ज्ञानको एउटा विषयक्षेत्रका रूपमा लोकवार्ताविज्ञानले लोकवार्ताका संस्थानहरूको ऐतिहासिक-भौगोलिक उद्भव र विकास, तिनको सामाजिक पृष्ठभूमि, प्रकार्य, अन्तर्सांस्कृतिक सम्बन्ध, प्रभाव, परिवर्तन, सांस्कृतिक सङ्क्रमण प्रक्रिया आदिको अध्ययन तथा तिनका आफ्ना घटकहरूको अर्थ एवं व्याख्याको परीक्षण गर्छ । यस दृष्टिबाट मौखिक-श्रव्य लोकवार्ताअन्तर्गत पर्ने लोकसाहित्यको अध्ययन तथा परीक्षण लोकसाहित्यशास्त्र/लोकवार्ताविज्ञानले गर्छ । लोकवार्ताविज्ञानलाई लोकज्ञानको शाखा मानिन्छ । लोकसाहित्यका सन्दर्भमा लोकवार्ताविज्ञानलाई लोकसाहित्यशास्त्र भन्ने गरेको पनि पाइन्छ ।

लोकवार्ताबारे विभिन्न विद्वान्हरूले विभिन्न परिभाषाहरू दिएको पाइए पनि लोकवार्ताविज्ञानबारे खासै परिभाषा गरेको पाइँदैन । यसमा लोकवार्ताविज्ञानलाई यसरी परिभाषित गरिन्छ :

**लोकवार्ता वा लोकसंस्कृतिको वैज्ञानिक अध्ययन गर्ने शास्त्रलाई लोकवार्ताविज्ञान भनिन्छ ।**